### घिरिङ गाउँपालिका तनहुँको आर्थिक वर्ष २०८१/०८२ को प्रथम चौमासिक अवधिमा सम्पादन भएका विकास र सेवाप्रवाह सम्बन्धि सार्वजानिक सुनुवाई कार्यक्रम

प्रतिबेदन

मितिः २०८१ मंसिर २४ गते, सोमबार

स्थानः घिरिङ गाउँपालिकाको प्राङ्गण घिरिङ-३, पोखरीछाप तनहुँ

सहजिकरणः लोकवाणी पब्लिकेशन प्रा.लि तनहुँ



## विषय-सुची


| क.स | शिर्षक |
|---|---|
| १ | घिरिङ गाउँपालिका परिचय |
| २ | विषय प्रवेश (सार्वजानिक सुनुवाईको परिचय) |
| ३ | सार्वजानिक सुनुवाई कार्यक्रमको उद्देश्य |
| ४ | सार्वजानिक सुनुवाई कार्यक्रमको तयारी |
| ५ | सार्वजानिक सुनुवाई कार्यक्रम |
| ६ | सार्वजानिक सुनुवाई कार्यक्रमका सहभागीहरु |
| ७ | समिक्षा |
| ९ | सुझावहरु |
| १० | अनुसुचिहरु |
| | |

अनुसुचिहरुः

१. गाउँपालिका अध्यक्षका प्रतिबेदन

२. प्रमुख प्रशासकीय अधिकृतको प्रतिबेदन

३.नागरिक अभिमतको प्रतिबेदन

४.सार्वजानिक सुनुवाई कार्यक्रमको बारेमा सुचना प्रशारण

५.सार्वजानिक सुनुवाई कार्यक्रमको आचार संहिता

६.सार्वजानिक सुनुवाई कार्यक्रम तालिका

७.सार्वजानिक सुनुवाई कार्यक्रमका सहभागीहरु

८.सार्वजानिक सनुवाई कार्यक्रममा सहभागीहरुको मौखिक जिज्ञासा तथा प्रतिबद्धताहरु

९.कार्यक्रमका तश्विरहरु

## १. घिरिङ गाउँपालिकाको परिचय

भिरालो धरातलिय स्वरुपले बनेको यस गाउँपालिका समुन्द्र सतहबाट ३०० मीटर देखि १००० मिटर सम्मको उचाईमा फैलिएर रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल करिब १२६ वर्ग किलोमीटर रहेको छ । विश्व मानचित्रमा यो गाउँपालिका २७' ७०' ६" देखि २७' ५८' ४८" सम्मको उत्तरी अक्षांस र ८४' ०१' २१" देखि ८४' ०५' १.०४" पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ । यो पार्श्वचित्र तयार गर्दा साविक गजरकोट गा.वि.स.को वडा नं. २,४,५,६,७ र घिरिङ्ग सुन्धारा गा.वि.स को वडा नं. ३ को तथ्यांकहरु संकलन गरि हालको वडा नं. १ निर्माण भएको छ, साविक गजरकोट गा.वि.स.को वडा नं. १,३,८ र घिरिङ्ग सुन्धाराको २,८,९ गरि हालको वडा नं. २ निर्माण भएको, साविक घिरिङ्ग सुन्धाराको वडा नं. ४,५,६,७ साभुङ्ग भगवतीपुरको ८ र माझकोटको ६ गरि हालको वडा नं. ३ निर्माण भएको, साविक घिरिङ्ग सुन्धारा १, राम्जाकोट ९ र साभुङ्ग भगवतीपुर गा.वि.स १,५,९ गरि वडा नं. ४ निर्माण भएको र साविक साभुङ्ग भगवतीपुर गा.वि.स.को वडा नं. ३,४,६ र ७ गरि वडा नं. ५ नयाँ वडाहरु निर्माण भएको हो ।

यसरी यो गाउँपालिका साविक गजरकोट गा.वि.सको ८ वटा वडा, साभुङ्ग भगवतीपुर गा.वि.स को ८ वटा वडा घिरिङ्ग सुन्धाराको ९ वडा, राम्जाकोट गा.वि.स.को १ वटा वडा, माझकोट गा.वि.स.को १ वटा वडा मिलि बनेको छ । यस गाउँपालिकाको पूर्वमा ऋषिङ गाउँपालिका, पश्चिममा स्यांजा जिल्ला, उत्तर भिमाद ना.पा. र दक्षिणमा नवलपरासी बौदीकाली गाउँपालिका र पाल्पा जिल्लाको रामपुर नगरपालिका पर्दछन्। राजनैतिक विभाजनका हिसाबले यो गाउँपालिका जिल्लाको निर्वाचन क्षेत्र नं. ३ मा र इलाका नं. ९ अन्तरगत रहेको छ । यस गाउँपालिकाको प्रशासनिक कार्य साविक वडा नं. ६ र हालको वडा नं. ३ मा रहेको गाउँपालिकाको कार्यालयबाट हुने गरेको छ । (**श्रोतः गाउँपालिकाको वेवसाईट**)

## २. विषय बस्तुः (सार्वजानिक सुनुवाई कार्यक्रमको परिचय)

आफ्नो कार्यालयले वर्षभरिमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ लागु भएको छ । सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्ध निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाइन्छ । सुशासन ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । अहीले देश संघिय संरचना अनुसार संचालित छ । हाल सबै कामहरु स्थानिय तहहरु मार्फत संचालन भइरहेको वर्तमान अवस्थामा सघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले सुशासन प्रबर्धन रणनिति तथा कार्ययोजना २०७४ जारि गरेको छ । उक्त कार्ययोजनाले पनि स्थानीय तहहरुले सार्वजनिक सुनुवाइको कुरालाई महत्वका साथ उठाएको छ । सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि सार्वजनिक कार्यक्रमलाई विशेष रुपमा लिएको छ ।

हाल ३ तहको सरकारको अभ्याससँगै गाउँ गाउँमा सिंहदरबार पुगेको छ । लामो समय देशले त्यही गाउँको सिंहदरबारले गरेका सेवा प्रवाह, विकास निर्माण लगायत नागरिकका सरोकारका विषयमा सार्वजानिक सुनुवाई गर्नु पर्ने व्यवस्था रहेको छ । देशका सार्वजनिक निकाय जनमुखी, जवाफदेही, पारदर्शी, समाबेशी तथा सहभागितामुलक बनाएर त्यसको प्रतिफल सबै नागरिकलाई उपलब्ध गराउनु राज्यको दायित्व हो । कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुसासन, उत्तरदायी र जिम्मेवारपूर्ण कर्मचारी, कर्तव्यउन्मुख भोवर देश विकासको मुख्य आधार मान्न सकिन्छ । स्थानीय तहहरुले आफ्ना काम तथा कार्यक्रमको पारदर्शिता र जवाफदेहिताका लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षण सम्बन्धि छुट्टै कार्यविधि बनाई नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षण गर्नुपर्ने हुन्छ । तोकिएको व्यवस्था अनुसार कार्यालयको काम कारवाही स्वच्छ, पारदर्शी बनाउन, सबैलाई अधिकार र कर्तव्यको बोध गराउन र सर्वसाधारण तथा सरोकारवालाको जायज सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गराउनुपर्ने हुन्छ । स्थानीय सरकार सञ्चालन ऐनले सुशासनका लागि सार्वजनिक सुनुवाईको परिकल्पना गरेको छ । त्यसबाहेक हरेक सरकारी कार्यालयहरुको कामको गति र सुधारका क्षेत्र पत्ता लगाउन स्वअध्ययनको व्यवस्था पनि छ । त्यहाँ सार्वजनिक सुनुवाई अनिवार्य छ । हरेक स्थानीय तहको स्वमुल्यांकनका लागि पनि सार्वजनिक सुनुवाई अपरिहार्य बनाईएको छ । नयाँ कार्यविधि तयार गरेर भए पनि सार्वजनिक सुनुवाई जस्ता पारदर्शीता सम्बन्धि कार्यक्रम सञ्चालन गनुपर्ने अवस्था रहेको छ ।

नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (सन्चालन तथा ब्यवस्थापन) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले सन्चालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ । स्थानीय सरकार सन्चालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले स्थानीय तहमा सार्वजनिक सुनुवाइ आयोजना गरिन्छ । स्थानीय सरकार सन्चालन ऐन-२०७४ दफा ७८ (५) मा सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । साथै स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि २०७७ ले पनि चौमासिक रुपमा सार्वजानिक सुनुवाई गर्न निर्देश गरेको छ । सोही पृष्ठभुमीको आधारमा यस घिरिङ गाउँपालिका तनहुँको आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिकको सार्वजानिक सुनुवाई सन्चालन गरिएको छ ।

**३ उद्देश्य :**

सार्वजानिक सुनुवाई कार्यक्रमको उदेश्य यस घिरिङ गाउँपालिकाको आ.व. २०८१/०८२ को पहिलो चौमासिक प्रगतिको समिक्षा तथा खर्च सार्वजनिकीकरण गर्दै जनताको चासो, जिज्ञासा, गुनासोको सम्बोधन तथा प्राप्त सुझावहरु ग्रहण गर्नु हो । कार्यक्रमका थप उदेश्य तपसिल अनुसार छ ।

- गाउँपालिकाबाट सन्चालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा बारे सार्वजनिक गर्नु ।
- चौमासिक रुपमा गाउँपालिकाबाट सम्पादन भएका कार्यक्रम, नीति, बजेट तथा सेवाको बारेमा नागरिकलाई जानकारी गराई नागरिकको सुझाव संकलन गर्ने
- गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पस्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने ।
- सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।
- समग्र गाउँपालिकाको आर्थिक सुधार र समृद्धीमा टेवा पुर्‍याउने ।
- जनमैत्री सेवाको विस्तार गर्न तथा नागरिकको सेवाप्रतिको विश्वास परिक्षण गर्ने

**३.१ सार्वजानिक सुनुवाई कार्यक्रमबाट निम्न अपेक्षा गरिएको छः**

१. गाउँपालिका र नागरिकहरुको सम्बन्ध अझ राम्रो हुने

२. कार्यसम्पादन गर्दा देखिएका राम्रा र नराम्रा दुबै पक्षको मुल्यांकन हुने

३. गाउँपालिकाको कार्य सम्पादनलाई अझ नागरिक मैत्री बनाईने ।

४. गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पस्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने ।

५. सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने ।

६. सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।

७. स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।

८. सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

### ३.२ लक्षित वर्ग, व्यक्ति र समुह

१. गाउँपालिकाका सम्पुर्ण लाभग्राही तथा सेवाग्राहीहरु

२. गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीहरु

३. सन्चारकर्मी लगायत सम्बन्धित सम्पुर्ण सरोकारवालाहरु

### ४.सार्वजानिक सुनुवाई कार्यक्रमको तयारी (अनुसुची ४)

सार्वजानिक सुनुवाई कार्यक्रम सन्चालन गर्ने तयारी स्वरुप गाउँपालिकाले मंसिर १९ गते सार्वजानिक सुचना प्रकाशित गरेको थियो । त्यसपछि सहजकर्ता संस्थाको कार्यालयबाट गाउँपालिकाको कार्यालय र विभिन्न वडाहरुमा गई नागरिक अभिमत प्रतिबेदन तयारी स्वरुप नागरिक सर्वेक्षण गरिएको थियो । गाउँपालिकाले पनि कार्यक्रमको तयारी स्वरुप शाखा प्रमुखहरुको बैठक आयोजना गरेको थियो ।

**गाउँपालिकाबाट प्रकाशित सुचना**

*घिरिङ गाउँपालिका*

*गाउँ कार्यपालिकाको कार्यालय*

***पोखरीछाप, तनहुँ***

***गण्डकी प्रदेश, नेपाल***

*मितिः-२०८१/०८/१९*

***विषयः- सार्वजनिक सुनुवाई कार्यक्रम हुने बारेको सूचना ।***

***प्रस्तुत विषयमा घिरिङ गाउँपालिकाको चालु आ. व. २०८१/०८२ को पहिलो चौमासिक अवधीको सार्वजनिक सुनुवाई कार्यक्रम तपसिलको मिति, समय र स्थानमा आयोजना गरिने भएकोले गाउँपालिका क्षेत्रभित्र क्रियाशिल राजनीतिक दल, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख वा प्रतिनिधि तथा विद्यालयमा कार्यरत शिक्षक, तथा कर्मचारी बैक तथा वित्तिय संस्थाका प्रमुख वा प्रतिनिधि, पत्रकार तथा सञ्चारकर्मी, टोल विकास संस्थाका अध्यक्ष वा प्रतिनिधि उपभोक्ता समितिका पदाधिकारी, लगायत सरोकारवालाहरुका लागि यो सूचना प्रकाशन गरिएको छ । यसै सूचनालाई आधारमानी उपस्थितिका लागि समेत सादर निमन्त्रणा गरिन्छ ।***

*तपसिल*

*मिति:-२०८१/०८/२४*

*समय:- विहानको ११:०० बजेदेखि*

*स्थान:- पालिका प्राङ्गण*

*बोधार्थ: अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडाध्यक्षज्यूहरु सबै, प्रमुख प्रशासकीय अधिकृतज्यू, शाखा प्रमुखज्यूहरु सबै जवाफदेही वक्ताको रुपमा उपस्थितिका लागि अनुरोध छ ।*

*कृष्ण प्रसाद ढकाल*

*प्रमुख प्रशासकीय अधिकृत*

---

घिरिङ गाउँपालिका
Ghiring Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
तनहुँ
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या / Reference No.: २०८१/०८२
चलानी नं/Dispatch No

घिरिङ गाउँकार्यपालिकाको कार्यालय, पोखरीथाप, तनहुँ, गण्डकी प्रदेश, नेपाल, २०७३

मिति:-२०८१/०८/१९

विषय:- सार्वजनिक सुनुवाई कार्यक्रम हुने बारेको सूचना ।

प्रस्तुत विषयमा घिरिङ गाउँपालिकाको चालु आ. व. २०८१/०८२ को पहिलो चौमासिक अवधीको सार्वजनिक सुनुवाई कार्यक्रम तपसिल को मिति, समय र स्थानमा आयोजना गरिने भएकोले गाउँपालिका क्षेत्रभित्र क्रियाशिल राजनीतिक दल, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख वा प्रतिनिधि तथा विद्यालयमा कार्यरत शिक्षक, तथा कर्मचारी बैक तथा वित्तिय संस्थाका प्रमुख वा प्रतिनिधि, पत्रकार तथा सञ्चारकर्मी, टोल विकास संस्थाका अध्यक्ष वा प्रतिनिधि उपभोक्ता समितिका पदाधिकारी, लगायत सरोकारवालाहरुका लागि यो सूचना प्रकाशन गरिएको छ । यसै सूचनालाई आधारमानी उपस्थितिका लागि समेत सादर निमन्त्रणा गरिन्छ ।

तपसिल

मिति:-२०८१/०८/२४
समय:- विहानको ११: ०० बजेदेखि
स्थान:- पालिका प्राङ्गण
बोधार्थ:अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडाध्यक्षज्यूहरु सबै, प्रमुख प्रशासकीय अधिकृतज्यू, शाखा प्रमुखज्यूहरु सबै जवाफदेही वक्ताको रुपमा उपस्थितिका लागि अनुरोध छ ।

२०८१।०८।१९

(कृष्ण प्रसाद ढकाल )
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

"कृषि पर्यटन ऐतिहासिक धरोहर समृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार"
Email: ghiringgaupalika@gmail.com, Website: ghiringmun.gov.np

## ५.कार्यक्रमको विस्तृत विवरण

घिरिङ गाउँपालिकाको आयोजनामा आर्थिक वर्ष २०८१/०८२ को प्रथम चौमासिक अवधिको सार्वजानिक सुनुवाई कार्यक्रम २०८१ मंसिर २४ गते सोमबार गाउँपालिकाको प्राङ्गण पोखरीछापमा सम्पन्न भयो । चालु आर्थिक वर्षको प्रथम चौमासिक अवधिमा गाउँपालिकाले सम्पादन गरेको विकास आयोजना, सेवा प्रवाह तथा बजेट खर्च लगायतको बारेमा सार्वजानिक सुनुवाई गरिएको थियो ।

उक्त सार्वजानिक सुनुवाई कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले घिरिङ गाउँपालिकालाई सबै दृष्टिले सम्पन्न र समृद्ध बनाउन आफुहरु लागि परेको बताए । शिक्षाको गुणस्तरमा बृद्धी, १० शैयाको आधारभुत अस्पतालको निर्माण, कृषि र पशुपालनको व्यवसायीकरण तथा उत्पादनमा आधारित अनुदान, ग्रामिण सडकहरुको स्तरोन्नती, आन्तरिक आम्दानीमा बृद्धी, कृष्ण मार्गको कालोपत्रे गर्ने गर्ने गाउँपालिकाको मुख्य प्राथमिकतामा रहेको अध्यक्ष थापाले बताए । त्यसैगरि अदुवा प्रशोधन केन्द्र स्थापना, प्रतिबन्धित घाटहरुको सन्चालन, एक घर एक धारा, सुख्खा टारहरुमा सिंचाई, बेरुजु अन्त्य, एम्बुलेन्सको सहजता तथा कालिगन्डकी डाईभर्सन गर्न रोक लगाउने जस्ता कार्यहरुलाई पनि प्राथमिकता दिईएको अध्यक्ष थापाले बताए । अध्यक्ष थापाले सबै राजनीतिक दल, संघ संस्था तथा विभिन्न सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरि काम भईरहेको जानकारी दिए ।

गाउँपालिकाकी उपाध्यक्ष राधादेवी अधिकारीले सार्वजानिक सुनुवाई कार्यक्रमले गाउँपालिकाबाट सम्पादन भएका कामहरुको बारेमा जानकारी दिने र नागरिकहरुको सुझाव ग्रहण गर्न पाईने बताइन् । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालले प्रथम चौमासिकको अवधिमा गाउँपालिकाबाट सम्पादन भएका कामहरुको बारेमा जानकारी गराएका थिए । ढकालले पहिलो चौमासिकमा योजना छनौट र योजना सम्झौता, बेरुजु नियन्त्रण जस्ता कार्य नै प्राथमिकतामा पर्ने बताए । उक्त कार्यक्रममा नेकपा एमालेका राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषदका सदस्य विष्णुभक्त सिग्देलले गाउँपालिकाका परिपक्क नेतृत्व हुँदा कामहरु पनि राम्रो भएको बताए । सिग्देलले भौतिक पुर्वाधारमा जोड दिनुपर्ने, कृष्णमार्गलाई कालोपत्रे गर्न पहल गरिनुपर्ने, आन्तरिक आम्दानीलाई बढाउन पहल गर्नुपर्ने, गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने, शालिग्राम करिडोरको गुणस्तरमा ध्यान दिनुपर्ने, स्वच्छ खानेपानी तथा एक घर एक धारामा जोड दिनुपर्ने, युवा पलायन रोक्नुपर्ने, स्थानीय कला र संस्कृतीको संरक्षण गर्नुपर्ने, ठुला फाँटहरुमा सिंचाई सुविधा लैजानु पर्ने तथा घिरिङ गाउँपालिकाको जिवनसँग जोडिएको कालिगन्डकी डाइभर्सनको योजनालाई रोक्नुपर्ने जस्ता सुझावहरु दिएका थिए । गाउँपालिकाका निवर्तमान अध्यक्ष रनबहादुर रानाले विकास निर्माणको कामलाई ध्यान दिनुपर्ने, गाउँमा नै बस्ने वातावरण बनाउनुपर्ने, होमस्टे प्रबर्द्धन मार्फत पर्यटनको प्रबर्द्धन गर्नुपर्ने तथा बाँदर आतंकको समस्या समाधानको लागि पहल गर्नु पर्ने बताए ।

उक्त कार्यक्रममा नेकपा एमाले जिल्ला कमिटिका सचिवालय सदस्य इन्द्र थापा, एमाले घिरिङ गाउँ कमिटिका अध्यक्ष सुमनकुमार श्रेष्ठ, नेपाली काँग्रेसका गाउँ कार्य समितिका सभापती यामबहादुर थापा, नेकपा माओवादीका गाउँ कमिटिका सचिव हरिहर अधिकारी, कृष्ण माविका प्रअ ध्रुवराज सिग्देल, चन्द्रज्योती माविका व्यवस्थापन समितिका अध्यक्ष शेरबहादुर थापा, पुर्व वडा अध्यक्ष रणबहादुर गुरुङ, घिरिङ बहुउद्देश्यिय सहकारी संस्थाका अध्यक्ष मनबहादुर राना, युवा कृषक मनिष थापा, शिक्षक

शुशिलकुमार श्रेष्ठ लगायतले विभिन्न विषयमा सुझाव तथा जिज्ञासाहरु राखेका थिए । उक्त कार्यक्रमको सहजिकरण लोकवाणी दैनिकका सम्पादक प्रकाशचन्द्र भट्टराईले गरेका थिए ।

**अनुसुची ३.**

**सार्वजानिक सुनुवाई कार्यक्रममा पालन गर्नु पर्ने आचार संहिता**

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नु पर्दछ ।

२. सहभागीले प्रश्न या सुझाव के राख्ने हो स्पष्ट राख्नु पर्दछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न या जिज्ञासा राख्नुपर्दछ ।

४. सेवाग्राही सहभागी नागरिक धेरैलाई प्रश्न गर्न समयदिनु पर्ने भएकोले बुँदागतरुपमा छोटकरीमा प्रश्न राख्नुपर्छ ।

५. आफुभन्दा पहिलेका सहभागीले बोलेको कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमती लिएर थप प्रश्न गर्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसैप्रति पनि लान्छनायुक्त आरोप लगाउन पाइनेछैन ।

८. वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने गरि वा बदलाको भावनाबाट भनाई या प्रश्न राख्न पाईनेछैन ।

९. राजनीतिक आग्रह या पुर्वाग्रहबाट प्रश्न सोध्न पाईने छैन ।

१०. कार्यक्रमलाई विषयान्तर हुनबाट रोक्न सबै सहभागी सचेत बन्नु पर्छ ।

**९.सुझावहरु**

**सार्वजानिक सुनुवाई कार्यक्रममा सहभागीहरुले विभिन्न विषयमा सुझाबहरु दिनु भएको थियो :**

-एसइई परिक्षाले चिन्तित तुल्याएको छ । एसइईको नतिजा सुधारको लागि योजना बनाएर काम गर्नुपर्छ ।

-घुमाउने ताल अधुरो भएको छ, यसमा धेरै रकम खर्च भईसकेको छ । यो ताल चाँडो भन्दा चाँडो पुरा गर्नुपर्छ ।

-विद्यालयको गुणस्तरमा ध्यान दिनुपर्छ ।

-विद्यार्थी कम भएका विद्यालय मर्ज गर्ने नीति बनाउनुपर्छ ।

-लिफ्टिङ खानेपानी योजनालाई प्राथमिकता दिनुपर्छ ।

-स्थानीय पाठ्यक्रम चाँडो निर्माण गर्नुपर्छ ।

-युवा पलायनकोलागि सिपमुलक तालिमको आवश्यकता छ ।

-स्थानीय युवा उद्यमी र कृषकहरुलाई स्थानीय सरकारले सहयोग गर्नुपर्छ ।

-एक घर एक धारा योजना पुरा गर्नुपर्छ ।

-खेर गएको जमिन सदुपयोगको लागि नीति बनाउनुपर्छ ।

-सहकारीको नियमित अनुगमन गर्नुपर्छ ।

-आन्तरिक आम्दानी बढाउन घाटहरु व्यवस्थित गर्नुपर्छ ।

-बाटो कालोपत्रे गर्न जोड दिनुपर्छ ।

-आय आर्जन र आन्तरिक आम्दानी बढाउन पहल गर्नुपर्छ ।

-अदुवा प्रशोधनको उद्योग स्थापना गर्नुपर्छ ।

-योजनाको भुक्तानी छिटो भन्दा छिटो हुनुपर्छ

-बसाई सराईको कार्यक्रम नरोक्ने हो भने गाउँ रित्तो हुन्छ ।

-कालिगन्डकी डाइभर्सनको योजना रोक्न लाग्नुपर्छ ।

-सामुदायिक वनको आम्दानी लिनुपर्छ

-बाटोको मापदण्ड तय गर्नुपर्छ ।

-कृष्णमार्गको मुद्धा छिटो टुंग्याउन पहल गर्नुपर्छ ।

-एसएलसीको नतिजामात्र अपेक्षा गरेर भएन, शिक्षकहरुलाई तालिम पनि दिनुपर्छ ।

-कोल्ड स्टोर सन्चालन गर्नुपर्छ ।

-उत्पादनलाई जोड दिनुपर्छ ।

-घाटा बजेटलाई पुर्ती गर्ने व्यवस्था मिलाउनु पर्छ ।

-बेरुजु घटाउनुपर्छ ।

-बजेट बाँडफाँडमा कुनै पनि वडालाई विभेद गर्नु हुँदैन ।

-एम्बुलेन्सको भाडा महंगो भएको छ । घटाउनुपर्छ ।

-भौतिक पुर्वाधारमा जोड दिनुपर्छ ।

-कृष्णमार्ग कालोपत्रे गर्नुपर्छ ।

-शालिग्राम करिडोरलाई गौरबको आयोजनाको रुपमा सन्चालन गर्नुपर्छ । यो करिडोरमा बजेट विनियोजन गर्नुपर्छ ।

-स्थानीय कला र संस्कृतिलाई संरक्षण गर्नुपर्छ ।

-ठुला फाँटहरुमा सिंचाई योजनालाई जोड दिनुपर्छ ।

-अदुवा प्रशोधन केन्द्र बनाउन पहल गर्नुपर्छ ।

-कालिगन्डकी करिडोर रोक्नकोलागि पहल गर्नुपर्छ ।

-गाउँपालिकाले सडक निर्माण र पूर्वाधारलाई प्रमुख प्राथमिकतामा राख्नुपर्छ ।

-व्यावसायिक कृषिलाई प्राथमिकता दिनुपर्ने, उत्पादनमा  आधारित अनुदानलाई बढवा दिनुपर्छ ।

-स्वास्थ्य चौकीमा दक्ष स्वास्थ्यकर्मी र उपकरणको व्यवस्था गर्नुपर्छ ।

-स्वच्छ खानेपानीको प्रबन्ध गर्नुपर्छ ।

-सुख्खाटारहरुमा सिंचाईको प्रबन्ध गर्नुपर्छ ।

-खरको छाना पुर्णरुपमा विस्थापित गर्नुपर्छ ।

-विकास, योजना र सेवा सविधालाई आवश्यकताका हिसाबले सबै वडामा न्यायपूर्ण वितरण गर्नुपर्छ ।

-वर्षायाममा ग्रामिण सडकहरु सँधै अवरुद्ध हुने हुँदा १२ महिना नै सडक सन्चालन हुने वातावरण बनाउनु पर्छ ।

-आन्तरिक आम्दानीको श्रोत बढाउनुपर्छ ।

**अनुसुची १**

**गाउँपालिकाका अध्यक्षको प्रतिबेदन**

१.गाउँपालिकाले सडक निर्माण र पूर्वाधारलाई प्रमुख प्राथमिकतामा राखेको छ । प्रमुख सडकको मुद्धाले निर्माण रोकिए पनि शाखा बाटो पालिकाले बनाउने काम गरिरहेको छ ।

२.पालिकाभित्र सुविधा सम्पन्न विद्यालय भवनहरु बनिरहेका छन् ।

४ स्वास्थ्य चौकीको स्तरोन्नति भइरहेको छ ।

८ व्यावसायिक कृषिलाई बढवा दिन बिऊ तथा हाते ट्याक्टर वितरण गरिरहेको छ। अनुदानमा कृषि औजार पनि प्रदान गरेको छ ।

६ गाउँबाट अन्य सहर वा जिल्लामा उपचार गराउन जानु परे पालिकाले सुलभ दरमा एम्बुलेन्स सेवा उपलब्ध गराएको छ । ज्येष्ठ नागरिक र सुत्केरीलाई निशुल्क छ ।

७ अदुवा किसानलाई ५ हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइएको छ ।

८. गाउँपालिका कार्यालयको संरचना राम्रो बनिरहेको छ, परिसर पनि सुन्दर बनेको छ ।

९ न्यायिक समितिले मेलमिलापको प्रयास गरिरहेको छ ।

१०. विकास, योजना र सेवा सविधालाई आवश्यकताका हिसाबले गाउँपालिकाले सडक निर्माण र पूर्वाधारलाई प्रमुख प्राथमिकतामा राखेको छ । प्रमुख सडकको मुढाले निर्माण रोकिए पनि शाखा बाटो पालिकाले बनाउने काम गरिरहेको छ ।

**गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको प्रतिबेदन**

१. शिक्षक र कर्मचारीलाई सययमै निकाशा भइरहेको छ ।

२. शैक्षिक गुणस्तरका लागि शिक्षकलाई पुनर्ताजकी दिएको तालिम प्रभावकारी भइरहेको छ ।

३. खानेपानीका क्षेत्रमा क्रमश सुधार भइरहेको छ ।

४. खरको छाना विस्थापित गर्ने क्रम चलिहरको छ ।

५. पालिकाभित्र सुविधा सम्पन्न विद्यालय भवनहरु बनिरहेका छन् ।

६. स्वास्थ्य चौकीको स्तरोन्नति भइरहेको छ ।

७. व्यावसायिक कृषिलाई बढवा दिन बिऊ तथा हाते ट्याक्टर वितरण गरिरहेको छ । अनुदानमा कृषि औजार पनि प्रदान गरेको छ ।

८. गाउँबाट अन्य सहर वा जिल्लामा उपचार गराउन जानु परे पालिकाले सुलभ दरमा एम्बुलेन्स सेवा उपलब्ध गराएको छ । ज्येष्ठ नागरिक र सुत्केरीलाई निशुल्क छ ।

९. अदुवा किसानलाई ५ हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइएको छ ।

१०. गाउँपालिका कार्यालयको संरचना राम्रो बनिरहेको छ, परिसर पनि सुन्दर बनेको छ ।

११. न्यायिक समितिले मेलमिलापको प्रयास गरिरहेको छ ।

१२. शिक्षक र कर्मचारीलाई सययमै निकाशा भइरहेको छ ।

१३. शैक्षिक गुणस्तरका लागि शिक्षकलाई पुनर्ताजकी दिएको तालिम प्रभावकारी भइरहेको छ ।

१४ खानेपानीका क्षेत्रमा क्रमश सुधार भइरहेको छ ।

१५. खरको छाना विस्थापित गर्ने क्रम चलिहरको छ ।

१६. अत्रौली, पुट्टार, गडौली, वैडीलगायतका टारहरुमा सिंचाइको व्यवस्था प्रभावकारी रुपमा सञ्चालन भइरहेको छ ।

१७. तोकिएको शुल्कभन्दा अतिरिक्त शुल्क तिर्नु परेको छैन ।

**कार्यक्रम सन्चालन तालिका:**

| **क.स** | **कार्यक्रम** | **सम्बन्धित व्यक्ति** |
|---|---|---|
| **१** | कार्यक्रमको सन्चालन | सहजकर्ता: प्रकाशचन्द्र भट्टराई (लोकवाणी पब्लिकेशन प्रालि) |
| **२** | कार्यक्रमको अध्यक्षता: | गाउँपालिकाका अध्यक्ष : होमबहादुर थापा |
| **३** | अतिथीहरु: आसन ग्रहण | १.उपाध्यक्ष: राधादेवी अधिकारी<br>२.प्रमुख प्रशासकीय अधिकृत: कृष्णप्रसाद ढकाल<br>वडा अध्यक्षहरु:<br>वडा नम्बर १ का वडा अध्यक्ष: रविचन्द्र घोरासिनी<br>वडा नम्बर २ का वडा अध्यक्ष: नरबहादुर थापा<br>वडा नम्बर ३ का वडा अध्यक्ष: तलहसिंह थापा<br>वडा नम्बर ४ का वडा अध्यक्ष: भिमबहादुर कुमाल<br>वडा नम्बर ५ का वडा अध्यक्ष: विष्णुविर आले<br>**कार्यपालिका सदस्यहरु:**<br>१ भुवन सिंह विक<br>२.टोपबहादुर रामदान<br>३.पार्वती विक<br>४.सरिता विक<br>५.रिमा कुमाल<br>६.इश्वरी श्रेष्ठ<br>तथा गाउँपालिकाका सम्पुर्ण सदस्यहरु |
| **४** | अन्य अतिथीहरु ( राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु) | १.रनबहादुर राना: निवर्तमान गाउँपालिका अध्यक्ष<br>२.विष्णुभक्त सिग्देल: नेकपा एमाले महाधिवेशन प्रतिनिधि<br>३.इन्द्रबहादुर थापा: नेकपा एमाले जिल्ला सचिवालय सदस्य |

| | | |
|---|---|---|
| | आसन ग्रहण | ४.सुमनकुमार श्रेष्ठः नेकपा एमाले गाउँ कमिटि अध्यक्ष<br>५.यामबहादुर थापाः नेपाली काँग्रेस गाउँ कार्य समिति सभापती<br>६.चुननारयण श्रेष्ठ : अध्यक्ष नेकपा माओवादी केन्द्र गाउँ कमिटि<br>७.केशश सिग्देलः राष्ट्रिय स्वतन्त्र पार्टी गाउँ सभापती<br>८.दिलिप रानाः नेशनल मंगोल अर्गनाईजेसन गाउँ संयोजक |
| ५ | अन्य अतिथीहरु (विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु) आसन ग्रहण | १.मित्रलाल घिमिरेः कृष्ण मावि विव्यस अध्यक्ष<br>२.शेरबहादुर थापाः चन्द्रज्योती मावि विव्यस अध्यक्ष<br>३.दिपक श्रेष्ठः सरस्वती मावि विव्यस अध्यक्ष<br>४.रेशमलाल श्रेष्ठः कामधेनु मावि विव्यस अध्यक्ष<br>५.गंगाराम कुमालः दिपक मावि विव्यस अध्यक्ष<br>६.सुमन कुमालः महेन्द्रज्योती मावि विव्यस अध्यक्ष<br>७.चेतबहादुर नेपालीः राष्ट्रिय मावि विव्यस अध्यक्ष |
| ६ | अन्य अतिथीहरु (विद्यालयका प्रअहरु) आसन ग्रहण | १.ध्रुवराज सिग्देलः कृष्ण मावि प्रअ<br>२.प्रेमबहादुर थापाः चन्द्रज्योती मावि प्रअ<br>३.पदमराज सिग्देलः सरस्वती मावि प्रअ<br>४.बलबहादुर आलेः कामधेनु मावि प्रअ<br>५.रामचन्द्र खनालः दिपक मावि प्रअ<br>६.तेजनारयण शाहः महेन्द्रज्योती मावि प्रअ<br>७.जितबहादुर थापाः राष्ट्रिय मावि प्रअ |
| ७. | अतिथीहरु (अन्य संघ संस्थाका प्रतिनिधिहरु) आसन ग्रहण | १.मनबहादुर रानाः अध्यक्ष, घिरिङ बहुउद्देश्यिय सहकारी संस्था<br>२.कृष्णप्रसाद अधिकारीः उपाध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ गन्डकी प्रदेश<br>३.अन्जान परियारः प्रेस सल्लाहाकार, घिरिङ गाउँपालिका |
| ८ | स्वागत मन्तव्यः | राधादेवी अधिकारी, उपाध्यक्षः घिरिङ गाउँपालिका |
| ९. | राष्ट्रिय गान | सबै सहभागीहरुबाट |

| | | |
|---|---|---|
| १० | शहिदप्रति श्रद्धान्जली | सबै सहभागीहरुबाट |
| ११ | उद्घाटन | व्यानर पढेर कार्यक्रमको अध्यक्ष गाउँपालिकाका अध्यक्षबाट |
| १२ | कार्यक्रमको उद्देश्यबारे जानकारी | सहजकर्ताः प्रकाशचन्द्र भट्टराईबाट |
| १३ | गाउँपालिकाबाट प्रथम चौमासिकको अवधिमा सन्चालन भएका विकास निर्माण र सेवा प्रवाहको बारेमा जानकारी प्रदान | प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालबाट |
| १४ | आचार संहिताबारे जानकारी | सहजकर्ता प्रकाशचन्द्र भट्टराईबाट |
| १५ | नागरिक अभिमतबारे जानकारी | ऋषिकान्त दुवाडी, लोकवाणी पब्लिकेशन प्रतिनिधि |
| १६ | गाउँपालिकाको सेवा तथा विकास निर्माणबारे सुझाव तथा जिज्ञासा प्रस्तुत | १.शुशिल कुमार श्रेष्ठ (शिक्षक)<br>२.हरिहर अधिकारी (नेकपा माओवादी केन्द्र गाउँ सचिव)<br>३.शेरबहादुर थापा (विव्यस अध्यक्ष)<br>४.मनिष थापा (युवा कृषक)<br>५.मनबहादुर राना (सहकारी सन्चालक)<br>६.इन्द्रबहादुर थापा (नेकपा एमाले जिल्ला सदस्य)<br>७.सुमनकुमार श्रेष्ठ (नेकपा एमाले गाउँ कमिटि अध्यक्ष)<br>८.रणबहादुर गुरुङ (पुर्व वडा अध्यक्ष)<br>९.ध्रुवराज सिग्देल (विद्यालयका प्रअ)<br>१०.यामबहादुर थापा (नेपाली काँग्रेस गाउँ सभापती)<br>११. विष्णुभक्त सिग्देल (नेकपा एमाले महाधिवेशन प्रतिनिधि परिषद सदस्य) |
| १७ | जवाफ तथा जिज्ञासा समाधान | १.तहलसिंह थापाः वडा अध्यक्ष, वडा नम्बर ३<br>२.रविचन्द्र घोरासिनीः वडा अध्यक्ष, वडा नम्बर १ |

| | | |
|---|---|---|
| | | ३.रनबहादुर राना: निवर्तमान गाउँपालिका अध्यक्ष<br>४.राधादेवी अधिकारी: उपाध्यक्ष गाउँपालिका<br>५.कृष्णप्रसाद ढकाल: प्रमुख प्रशासकीय अधिकृत<br>६.होमबहादुर थापा: अध्यक्ष गाउँपालिका |
| **१८** | सहभागीलाई धन्यवाद सहित कार्यक्रम समापन | गाउँपालिकाका अध्यक्ष: होमबहादुर थापाबाट |

**अनुसुची ३.**

**नागरिक सर्वेक्षण विधि**

कार्यविधिमा उल्लेख भए बमोजिम सार्वजानिक सुनुवाई गर्नु पुर्व विभिन्न वडा र गाउँपालिकाको कार्यालयमा आएका ५० जना नागरिक र सेवाग्राहीसँग विभिन्न विषयमा सर्वेक्षण गरिएको थियो ।

**नागरिक प्रतिबेदन**

सार्वजानिक सुनुवाईको कार्यविधि अनुसार घिरिङ गाउँपालिकाको विभिन्न वडा र गाउँपालिकाको कार्यालयमा आउनु भएका सेवाग्राही तथा अन्य वडाबासीहरुसँग प्रतक्ष्यरुपमा कुराकानी गरि नागरिक प्रतिबेदन तयार गरिएको छ ।

नागरिक प्रतिबेदन भन्नाले सेवाग्राही नागरिकले सेवा लिँदा प्रतक्ष्यरुपमा देखेका र भोगेका कुराहरुलाई समेटेर तयार गरिएको प्रदिबेदन हो । कम्तीमा ५० जना नागरिकसँग प्रतक्ष्यरुपमा कुराकानी गरिएको थियो । यसमा महिला, दलित, जनजातीलाई उल्लेख्य रुपमा समेटेर प्रतिबेदन तयार गरिएको थियो ।

**नागरिक अभिमत प्रतिबेदनमा सहभागीहरुको संख्या**

| सहभागीको संख्या | महिला | पुरुष |
|---|---|---|
| ५० | ३० | २० |

## नागरिक प्रतिबेदनमा समावेश प्रश्न र नागरिकको जवाफ (प्रतिशतमा)

### १. सेवाको सन्तुष्टि

१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टी पाउनु भयो ?

क) सन्तुष्ट **(८०)** ख) ठीकै **(२०)** ग) असन्तुष्ट

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट **(९०)** ख) ठीकै **(१०)** ग) असन्तुष्ट

### २. सेवाको नियमितता

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेका समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट **(८५)** ख) ठीकै **(१०)** ग) असन्तुष्ट **(५)**

२.२ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

क) विश्वस्त **(९०)** ख) ठीकै **(१०)** ग) विश्वास छैन

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

क) तिरेको छैन् **(१००)** क) एकदमै कम ख) धेरै तिरेको

२.४ यस कार्यालय सार्वजनिक चासो तथा समस्या समाधान गर्न औषत कति दिन लगाउने गरेको छ ?

क) १ दिन **(८०)** ख) २ दिन **(२०)** ग) धेरै दिन

### ३. सेवाप्रतिको जनविश्वास

३.१ यस कार्यालयले दिने सेवा प्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

क) विश्वस्त **(९०)** ख) ठीकै **(१०)** ग) विश्सास छैन

३.२ यस कार्यालयले प्रदान गरेका सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्न भएको छ ?

क) धेरै ख) ठीकै **(२०)** ग) गरेको छैन **(८०)**

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कतिको छ ?

क) धेरै **(७५)** ख) ठीकै **(१०)** ग) गरेको छैन **(१५)**

३.४ यस कार्यालयले विपन्न वर्गका लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?
क) छ ख) छैन **(७०)** ग) अलिकति थाहा छ **(३०)**

**४. सेवाको गुणस्तर**

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
क) सन्तुष्ट **(८०)** ख) कम सन्तुष्ट **(२०)** ग) असन्तुष्ट

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुहुन्छ ?
क) आफैं **(८०)** ख) गाउँका ठूला बडाको **(२०)** ग) मध्यस्तकर्ताको

४.३ यस कार्यालयमा तपाईले एउटा कामका लागि कति पटक धाउनु पर्‍यो ?
क) १ पटक **(९०)** ख) २ पटक **(१०)** ग) सो भन्दा बढी

**५. सेवा सम्बन्धि जानकारी**

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?
क) अति राम्रो **(२०)** ख) ठीकै **(८०)** ग) नराम्रो

५.२ कार्यालयमा भएका नागरिक बडापत्र बारे तपाईलाई जानकारी छ ?
क) छ **(१०)** ख) आंशिक जानकारी छ **(२०)** ग) कुनै जानकारी छैन **(७०)**

५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?
क) अति राम्रो **(८५)** ख) ठीकै **(१५)** ग) खासै राम्रो छैन
५.४ गाउँपालिकामा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सिमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?
क) २० प्रतिशत जति **(९०)** ख) ५० प्रतिशत ग) थाहा छैन **(१०)**

**६. नागरिक बडापत्र/उजुरी पेटिका/गुनासा सुन्न अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?
क) धेरै ख) कम **(५)** ग) गरेको छैन **(९५)**

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?
क) धेरै ख) ठीकै **(१५)** ग) अति कम **(८५)**

६.३ तपाईको विचारमा उजुरी पेटीकाको उपयोग कुन हदसम्म भएको छ ?
क) धेरै भएको छ **(२०)** ख) ठीकै भएको छ **(१०)** ग) भएकै छैन **(७०)**

**१. सिफारिस सम्बन्धि**

१.१ सिफारिसका लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनुभयो ?

क) पाए (९०) ख) ठीकै पाए (१०) ग) स्पष्ट पाइन

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनुपर्‍यो ?

क) दिए ख) थोरै दिए ग) मागिएन र दिइएन पनि (१००)

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

क) आफै (१००) **ख)** मध्यस्तकर्ता वा कार्यालयकै मान्छे ग) नेता वा ठूलाबडा

**२. पूर्वाधार तथा सरसफाइ सम्बन्धि**

२.१ कार्यालयमा सरसफाइको अवस्था कस्तो छ ?

क) राम्रो (९०) ख) ठीकै (१०) ग) खराब

२.२ कार्यालयमा सरसफाइ सम्बन्धि गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

क) तुरुन्तै हुन्छ (१०), ख) एक पटक भनेपछि मात्र हुन्छ (९०), ग) जति भने पनि हुन्न

२.३ तपाईको विचारमा गाउपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धि कार्यक्रम के कस्ता किसिमले गर्छ ?

क) राम्रो ख) ठीकै (१००) ग) खराब

२.४ तपाईको गाउँपालिकामा विकास निर्माणको अवस्था कस्तो छ ?

क) राम्रो (२०) ख) ठीकै (८०) ग) खराब

२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन ?

क) प्रभावकारी छन् (९०) ख) ठीकै छन् (१०) ग) प्रभावकारी छैनन्

२.६ योजनाको बिल भूक्तानी दिने व्यवस्था कस्तो छ ?

क) सहज ख) ठीकै (२०) ग) अप्ठयारो (८०)

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

क) पर्दैन (१००) ख) मागेरै लिन्छन ग) रकम नदिए अप्ठ्यारो पार्छन

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ?

क) सजिलै पाइयो (९०) ख) कहिले काही पाइयो (१०) ग) माग गर्दा पनि पाइएन

२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु भएको छ ?
क) सजिलै पाइन्छ **(१०)** ख) सोधेपछि पाइन्छ **(९०)** ग) सोधे पनि पाइएन

२.१० योजना सञ्चालन गर्दा गाउँपालिकाबाट कत्तिको सहयोग पाउनुभएके छ ?
क) धेरै सहयोग पाएको छु **(८०)** ख) ठीकै सहयोग पाएको छु **(२०)** **ग)** निरुत्साहित गरिन्छ

३.१ गाउँपालिकाको आर्थिक श्रोत कस्तो छ ?
क) आवश्यक श्रोत उपलब्ध **(२०)** ख) कम श्रोत उपलब्ध **(८०)** ग) अति कम श्रोत

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?
क) अति सरल **(२०)** ख) ठीकै **(७०)** ग) जटिल **(१०)**

३.३ कार्यालयमा भएका कर्मचारीहरुको सीप कस्तो छ ?
क) आवश्यक सीप छ **(५०)** ख) आवश्यकता भन्दा कम छ **(५०)** ग) सीप निकै कम छ

३.४ गाउँपालिकाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?
क) टाँसेको देखेको छु ख) कहिले काँही टाँसेको देखिन्छ **(१०)** ग) खै कतै देखिएन **(९०)**

**उत्तरदाताहरु एवं कार्यक्रमको संरक्षक गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबाट अध्यक्षहरुबाट सहभागीहरुको जिज्ञासाको समाधान**

| क्र.स | प्रश्न तथा जिज्ञासा | समाधान तथा उत्तर |
|---|---|---|
| १ | **प्रश्नकर्ता**<br>**१.शुशिलकुमार श्रेष्ठ (शिक्षक)**<br>-एसइई परिक्षाले चिन्तित तुल्याएको छ । एसइईको नतिजा सुधारको लागि के योजना छ ?<br>-गाउँपालिकाको सिमाना पटक पटक सरेको छ ? यसको के कारण होला ?<br>-घुमाउने ताल अधुरो भएको छ । | **जवाफकर्ता**<br>**होमबहादुर थापा ( गापा अध्यक्ष)**<br>-एसइईको नजितामा सुधार ल्याउन शिक्षकहरुलाई पुनर्ताजगी तालिम दिने योजना रहेको छ ।<br>-गाउँपालिकाको सिमाना निश्चित गर्नकोलागि भिमाद नगरपालिकासँग समन्वय गरिएको छ । अव सिमाना सर्ने समस्या हुँदैन ।<br>-घुमाउने तालमा विगतमा नै धेरै रकम विनियोजन भईसकेको हुँदा अव उक्त तालको निर्माण सम्पन्न गर्नु बाहेकको विकल्प छैन । |
| २ | **प्रश्नकर्ता**<br>**२.हरिहर अधिकारी (नेकपा माओवादी)**<br>-विद्यालयको गुणस्तरमा ध्यान दिनुपर्छ ।<br>-स्थायी शिक्षक ल्याउने वातावरण किन बनेको छैन ?<br>-विद्यार्थी कम भएका विद्यालय मर्ज गर्ने नीति कहिले ल्याउनु हुन्छ ?<br>-लिफ्टिङ खानेपानी योजनालाई प्राथमिकता दिनुपर्छ । | **जवाफकर्ता**<br>**होमबहादुर थापा ( गापा अध्यक्ष)**<br>-विद्यालयको गुणस्तर सुधार गर्न सबैसँग समन्वय र पहल भईरहेको छ । शिक्षकहरुलाई तालिम र प्रशिक्षणको व्यवस्था मिलाउँछौं ।<br>-सरकारसँग स्थायी शिक्षकको दरबन्दी माग गरेको छौं । त्यतिबेलासम्म करार शिक्षकहरुबाट काम चलाउनुपर्छ ।<br>-विद्यार्थी कम भएका विद्यालयहरुको पहिचान गरि पायक पर्ने विद्यालयसँग मर्जको नीति ल्याउँछौं ।<br>-प्रदेश र संघ सरकारसँग बजेट माग गरि लिफ्टिङ खानेपानी योजनालाई प्राथमिकता दिएका छौं । |
| ३ | **प्रश्नकर्ता**<br>**३.शेरबहादुर थापा (विव्यस अध्यक्ष)**<br>-साना किसान सहकारीको अवस्था के छ ? | **जवाफकर्ता**<br>**होमबहादुर थापा (गापा अध्यक्ष)**<br>-साना किसान सहकारीमा भएको लगानीको खोजी गरि उक्त सहकारी पुन: सन्चालन गर्ने वातारण बनाउँछौं । |

| | | |
|---|---|---|
| | -स्थानीय पाठ्यक्रमको तयारी के छ ?<br><br>-युवा पलायनकोलागि सिपमुलक तालिमको आवश्यकता छ । | -सबैसँग समन्वय गरि स्थानीय पाठ्यक्रम निर्माण गर्ने तयारी गरिएको छ ।<br><br>-युवाहरुलाई गाउँमै राख्नकोलागि सिप मुलक तालिमहरु दिईरहेका छौं । |
| ४ | **प्रश्नकर्ता**<br><br>**४.मनिष थापा (युवा कृषक)**<br><br>-स्थानीय युवा उद्यमी र कृषकहरुलाई स्थानीय सरकारले सहयोग गर्नुपर्छ ।<br><br>-एक घर एक धारा नीति कहिले पुरा हुन्छ ?<br><br>-खेर गएको जमिन सदुपयोगको लागि कस्तो नीति बनाईएको छ ? | **जवाफकर्ता**<br><br>**होमबहादुर थापा (गापा अध्यक्ष)**<br><br>-युवा उद्यमी र कृषकहरुलाई उत्पादनको आधारमा अनुदानको नीति ल्याईएको छ ।<br><br>-प्रदेश र संघ सरकारको सहयोगमा लिफ्टिङ खानेपानी योजना सन्चालन गरि सबै घरधुरीमा खानेपानीको धारा पुऱ्याउँछौं ।<br><br>-खेर गएको जमिन सदुपयोगकोलागि युवाहरुलाई कृषि र पशुपालनमा लाग्न उत्पादनमा आधारित अनुदानको नीति ल्याइएको छ । |
| ५ | **प्रश्नकर्ता**<br><br>**५.मनबहादुर राना (सहकारी सन्चालक)**<br><br>-सहकारीको नियमित अनुगमन गर्नुपर्छ<br><br>-आन्तरिक आम्दानी बढाउन घाटहरु व्यवस्थित गर्नुपर्छ ।<br><br>-घुमाउने ताल छिटो भन्दा छिटो बनाउनुपर्छ । | **जवाफकर्ता**<br><br>**होमबहादुर थापा (गापा अध्यक्ष**<br><br>-सहकारी शाखा मार्फत गाउँपालिका भित्रका सहकारीको नियमित बचत भईरहेको छ । बचत कर्ताको बचत सुरक्षाकोलागि गम्भिर बनेका छौं ।<br><br>-गाउँपालिका भित्र रहेका नदि तथा खोलाहरुमा रहेको घाटहरु व्यवस्थित गरेका छौं । आन्तरिक आम्दानीमा जोड दिएका छौं ।<br><br>-घुमाउने तालको निर्माण गरि आन्तरिक र बाह्य पर्यटक बढाई आम्दानी बढाउने र आन्तरिक पर्यटनलाई बढाउने गरि योजना बनाएका छौं । घुमाउने ताल निर्माणकोलागि संघ र प्रदेश सरकारसँग बजेट माग गरेका छौं । |
| ६ | **प्रश्नकर्ता**<br><br>**इन्द्रबहादुर थापा (नेकपा एमाले)** | **जवाफकर्ता**<br><br>**होमबहादुर थापा (गापा अध्यक्ष)**<br><br>-भिमाद रामपुर सडक खन्डलाई कालोपत्रेको लागि |


| | | |
|---|---|---|
| | -बाटो कालोपत्रे गर्न जोड दिनुपर्छ ।<br>-एक ग्राम एक औद्योगिक क्षेत्रको नीति कहाँ पुग्यो ?<br>-आय आर्जन र आन्तरिक आम्दानी बढाउन कस्तो नीति बनाईएको छ ?<br>-अदुवा प्रशोधनको उद्योग स्थापनाको कुरा कहाँ पुग्यो ?<br>-योजनाको भुक्तानी छिटो भन्दा छिटो हुनुपर्छ | प्राथमिकता दिईएको छ । उक्त बाटोमा ठेकेदारले मुद्धा हालेको कारण अहिले केही समय काम रोकिएको छ । चाँडो भन्दा चाँडो मुद्धाको टुंगो लगाई बाटो कालोपत्रेमा जोड दिइन्छ ।<br>-एकग्राम एक औद्योगिक क्षेत्र स्थापनाकोलागि प्रदेश सरकारसँग समन्वय भईरहेको छ ।<br>-अदुवा प्रशोधन केन्द्रकोलागि धेरै बजेट आवश्यक पर्ने भएको कारण छिमेकी पाल्पाको रामपुर नगरपालिकासँग समन्वयको काम भईरहेको छ ।<br>-सबै कागजपत्र पुरा भएपछि योजनाहरुको भुक्तानी जतिसक्दो चाँडो गर्न सकिन्छ । यसको लागि कर्मचारीहरुलाई निर्देशन दिन्छु । |
| ७ | **प्रश्नकर्ता**<br>**सुमनकुमार श्रेष्ठ (नेकपा एमाले)**<br>-गल्याङ-गाइघाट सडकका परेको ४० करोड बजेट किन फ्रिज भयो ?<br>-ठुलो खर्च गरेर बोरिङ खानेपानी योजना सन्चालन गरियो तर पुरा हुन सकेन<br>-बसाई सराईको कार्यक्रम नरोक्ने हो भने गाउँ रित्तो हुन्छ ।<br>-कालिगन्डकी डाइभर्सनको योजना रोक्न लाग्नुपर्छ । | **जवाफकर्ता**<br>**होमबहादुर थापा (गापा अध्यक्ष)**<br>-गल्याङ-गाईघाट सडकमा संघ सरकारले ठेक्का लगाउन नसकेको कारण उक्त सडकमा परेको ४० करोड बजेट फ्रिज भयो ।<br>-बसाई सराई नागरिकको अधिकार भएको हुँदा त्यसलाई रोक्न सकिँदैन । तर गाउँमै बसौं बसौं बनाउने गरि आवश्यक पुर्वाधारहरु तयार गर्नुपर्छ ।<br>-कालीगन्डकी डाईभर्सन भयो भने घिरिङ गाउँपालिकाको जिवन समाप्त हुने हुँदा कालिगन्डकी करिडोर रोक्न प्रदेश र संघ सरकारसँग पहल गरेका छौं । |
| ८ | **प्रश्नकर्ता**<br>**रणबहादुर गुरुङ (पुर्व वडा अध्यक्ष)**<br>-वनको कार्यविधि कहाँ पुग्यो ?<br>-सामुदायिक वनको आम्दानी लिनुपर्छ | **जवाफकर्ता**<br>**होमबहादुर थापा (गापा अध्यक्ष)**<br>-वनको कार्यविधि निर्माणकोलागि सामुदायिक वनका पदाधिकारीहरुसँग छलफल गरिरहेका छौं ।<br>-सामुदायिक बनको आम्दानी लिनकोलागि सबैभन्दा |

| | | |
|---|---|---|
| | -बाटोको मापदण्ड तय गर्नुपर्छ ।<br><br>-कृष्णमार्गको मुद्धा छिटो टुंग्याउन पहल गर्नुपर्छ । | पहिला कार्यविधि निर्माण गर्नुपर्ने हुँदा त्यसको लागि पहल भईरहेको छ ।<br><br>-गाउँपालिकाका सबै बाटोको मापदण्ड तय गरिन्छ<br><br>-कृष्णमार्गको सम्बन्धमा परेको मुद्धालाई चाँडो भन्दा चाँडो टुंगो लगाउन पहल भईरहेको छ । सरकारी वकिल पक्षसँग पनि छलफल भईरहेको छ । |
| ९ | **प्रश्नकर्ता**<br><br>**ध्रुवराज सिग्देल (शिक्षक)**<br><br>-एसएलसीको नतिजामात्र अपेक्षा गरेर भएन, शिक्षकहरुलाई तालिम पनि दिनुपर्छ ।<br><br>-कोल्ड स्टोर सन्चालन गर्नुपर्छ ।<br><br>-उत्पादनलाई जोड दिनुपर्छ । | **जवाफकर्ता**<br><br>**होमबहादुर थापा (गापा अध्यक्ष)**<br><br>-एसइईको नजितामा सुधार ल्याउन शिक्षकहरुलाई पुनर्ताजगी तालिम दिने योजना रहेको छ ।<br><br>-कोल्डस्टोर सन्चालनकोलागि धेरै बजेट आवश्यक पर्ने रहेछ । गाउँपालिकाले सन्चालन गर्न मुस्किल परेको छ ।<br><br>-उत्पादनको आधारमा अनुदान दिने नीति ल्याईएको छ । त्यसकारण अनुदानमा बृद्धि हुने अपेक्षा गरिएको छ । |
| १० | **प्रश्नकर्ता**<br><br>**-यामबहादुर थापा (नेपाली काँग्रेस)**<br><br>-घाटा बजेटलाई पुर्ती गर्ने व्यवस्था के छ ?<br><br>-घाटको रकम उठाउनुपर्छ ।<br><br>-बेरुजुको अवस्था के छ ?<br><br>-वडा नम्बर ५ मा बजेट बाँडफाँडमा विभेद भएको छ ।<br><br>-एम्बुलेन्सको भाडा महंगो भएको छ । घटाउनुपर्छ । | **जवाफकर्ता**<br><br>**कृष्णप्रसाद ढकाल (प्रमुख प्रशासकीय अधिकृत)**<br><br>-घाटा बजेटलाई पर्ती गर्नकोलागि गम्भिर भएका छौं । त्यसकोलागि आन्तरिक आम्दानी बढाउने पहल भईरहेको छ । विभिन्न घाटहरुको अध्ययन भईरहेको छ ।<br><br>-घाटको रकम उठाउन र विभिन्न नयाँ घाटहरुको खोजी भईरहेको छ । कालिगन्डकी नदीको घाट सन्चालनकोलागि पहल गरेका छौं । मुद्धा टुंगिएपछि त्यो घाट पनि सन्चालन हुन्छ ।<br><br>-बेरुजु घटाउनकोलागि कडाईका साथ कार्यान्वयन भईरहेको छ ।<br><br>-बजेट बाँडफाँडमा कुनै पनि वडालाई विभेद गरिएको |

| | | |
|---|---|---|
| | | छैन र गरिंदैन पनि ।<br>-एम्बुलेन्सलाई गाउँपालिकाको स्वास्थ्य संस्थामा राखेर त्यहीबाट नै सन्चालन गर्ने गरि तयारी भएको छ । यसो भएमा भाडा सस्तो पर्न जान्छ । |
| ११ | **प्रश्नकर्ता**<br>**विष्णुभक्त सिग्देल (नेकपा एमाले)**<br>-भौतिक पुर्वाधारमा जोड दिनुपर्छ ।<br>-कृष्णमार्ग कालोपत्रे गर्नुपर्छ ।<br>-शालिग्राम करिडोरलाई गौरबको आयोजनाको रुपमा सन्चालन गर्नुपर्छ । यो करिडोरमा बजेट विनियोजन गर्नुपर्छ ।<br>-गुणस्तरीय शिक्षामा जोड दिनुपर्छ ।<br>-युवा पलायनमा जोड दिनुपर्छ<br>-स्थानीय कला र संस्कृतिलाई संरक्षण गर्नुपर्छ ।<br>-ठुला फाँटहरुमा सिंचाई योजनालाई जोड दिनुपर्छ ।<br>-अदुवा प्रशोधन केन्द्र बनाउन पहल गर्नुपर्छ ।<br>-कालिगन्डकी करिडोर रोक्नकोलागि पहल गर्नुपर्छ । | भिमाद रामपुर सडक खन्डलाई कालोपत्रेको लागि प्राथमिकता दिईएको छ । उक्त बाटोमा ठेकेदारले मुद्धा हालेको कारण अहिले केही समय काम रोकिएको छ । चाँडो भन्दा चाँडो मुद्धाको टुंगो लगाई बाटो कालोपत्रेमा जोड दिइन्छ ।<br>-एकग्राम एक औद्योगिक क्षेत्र स्थापनाकोलागि प्रदेश सरकारसँग समन्वय भईरहेको छ ।<br>-अदुवा प्रशोधन केन्द्रकोलागि धेरै बजेट आवश्यक पर्ने भएको कारण छिमेकी पाल्पाको रामपुर नगरपालिकासँग समन्वयको काम भईरहेको छ ।<br>-युवाहरुलाई गाउँमै राख्नकोलागि सिप मुलक तालिमहरु दिईरहेका छौं ।<br>स्थानीय कला र संस्कृतीलाई संरक्षणको नीति बनाईएको छ ।<br>अदुवा प्रशोधन केन्द्रकोलागि धेरै बजेट आवश्यक पर्ने भएको कारण छिमेकी पाल्पाको रामपुर नगरपालिकासँग समन्वयको काम भईरहेको छ ।<br>कालीगन्डकी नदी घिरिङका जनताको जिवनसँग जोडिएको र कालिगन्डकी डाईभर्सन भयो भने घिरिङ गाउँपालिकाको जिवन समाप्त हुने हुँदा कालिगन्डकी करिडोर रोक्न प्रदेश र संघ सरकारसँग पहल गरेका छौं । |

**कार्यक्रमका सहभागीहरुको विवरण:**

**उक्त सार्वजानिक कार्यक्रममा सहभागीको उपस्थिती विवरण निम्न अनुसार छ-**



घिरिङ गाउँपालिका

गाउँकार्यपालिका गाउँ कार्यालय पोखरीछाप तनहुँ


बैठकको अध्यक्षता:- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू ।

विषय:-सार्वजनिक सुनुवाई कार्यक्रम


मिति:-२०८१/०८/२४ गते सोमबार समय:- विहानको ११ बजे ।

स्थान:- गाउँपालिका परिसर

| क्र स | पदाधिकारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री होम बहादुर थापा | गाउँपालिका अध्यक्ष | |
| २. | श्री राधा देवि अधिकारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री कृष्ण प्रसाद ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री रवि चन्द घोरासिनी | १ नं वडा अध्यक्ष | |
| ५. | श्री नर बहादुर थापा | २ नं वडा अध्यक्ष | |
| ६. | श्री तहल सिंह थापा | ३ नं वडा अध्यक्ष | |
| ७. | श्री भिम बहादुर कुमाल | ४ नं वडा अध्यक्ष | |
| ८. | श्री विष्णु विर आले | ५ नं वडा अध्यक्ष | |
| ९. | श्री ईश्वरी श्रेष्ठ | कार्यापालिका सदस्य | |
| १०. | श्री पार्वती वि क | कार्यापालिका सदस्य | |
| ११. | श्री सरिता वि क | कार्यापालिका सदस्य | |
| १२. | श्री रिमा कुमाल | कार्यापालिका सदस्य | |
| १३. | श्री भुवन सिं वि. क | कार्यापालिका सदस्य | |
| १४ | श्री टोप बहादुर रामदाम | कार्यापालिका सदस्य | |
| १५. | श्री जगत बहादुर कुमाल | गाउँ सभा सदस्य वडा नं १ | |
| १६. | श्री मिना आले | गाउँ सभा सदस्य वडा नं १ | |
| १७. | श्री लक्ष्मी सुनार | गाउँ सभा सदस्य वडा नं १ | |
| १८. | श्री माधव चन्द | गाउँ सभा सदस्य वडा नं १ | |
| १९. | श्री सनम थापा | गाउँ सभा सदस्य वडा नं २ | |
| २०. | श्री सुक माया सुनार रामदाम | गाउँ सभा सदस्य वडा नं २ | |
| २१. | श्री धन बहादुर थापा | गाउँ सभा सदस्य वडा नं २ | |
| २२. | श्री आश बहादुर थापा | गाउँ सभा सदस्य वडा नं २ | |
| २३. | श्री लोक बबहादुर गुरुङ्ग | गाउँ सभा सदस्य वडा नं ३ | |
| २४. | श्री मनिराज थापा | गाउँ सभा सदस्य वडा नं ३ | |
| २५. | श्री मन बहादुर रानाभाट | गाउँ सभा सदस्य वडा नं ४ | |
| २६. | श्री शक्ति थापा | गाउँ सभा सदस्य वडा नं ४ | |



| | | | |
|---|---|---|---|
| २९. | श्री दिलु थापा | गाउँ सभा सदस्य वडा नं ५ | |
| ३०. | श्री मन राम थापा | गाउँ सभा सदस्य वडा नं ५ | |



## कार्यक्रमको तश्विरहरुः










घिरिङ गाउँपालिकाको आ.ब. २०८१/०८२ को
प्रथम चौमासिकको विकास निर्माण, सेवा प्रवाह
तथा बजेट परिचालनको विषयमा आयोजित
सार्वजनिक सुनुवाई कार्यक्रम
आयोजक:
घिरिङ गाउँपालिका
तनहुँ


सार्वजनिक सुनुवाई कार्यक्रम






सार्वजनिक सुनुवाई कार्यक्रम

